सभामा पेश मितिः २०८०/०३/१०

**सभाका सभाध्यक्ष ज्यू,**

यस गरिमामय सभामा मालिका गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आ.व. २०८०।०८१ को बजेट प्रस्तुत गर्न उपस्थित हुँदा गौरवान्वित महशुस गरेको छु ।यस अवसरका लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका लोकतान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग- गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रृद्धान्जली अर्पण गर्दछु ।घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा जनताको अभिमत प्राप्त गरी गाउँ सभा सदस्यको रुपमा एक आर्थिक वर्ष विभिन्न जिम्मेवारीमा रही आफ्नो कर्तव्य निर्वहन गरिसकेका छौं । यस अवधिमा जनताको निकटतम रहेको स्थानीय सरकारको रुपमा सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्य गरिरहँदा विभिन्न अवसर तथा चुनौतीहरुको पहिचान गरेका छौं । यस परिवेशमा कोभिड १९ को कारण अर्थतन्त्र तथा समग्र शासन सञ्चालनमा परेका नकारात्मक असर कम हुँदै गएका छन् तर नँया चुनौतीहरु भने हाम्रो सामु प्रकट भईरहेको अवस्था छ । रुस युक्रेन युद्ध तथा त्यसको परिणाम स्वरुप विश्वव्यापी आपूर्ति श्रृंखलामा पर्न गएको प्रभाव तथा अन्य विविध कारणवश सिर्जित विश्वव्यापी आर्थिक मन्दी बाट नेपाल र मालिका गाउँपालिका पनि अछुतो रहन सकेको छैन । यसले गर्दा मालिका गाउँपालिकाका समग्र सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई नकारात्मक प्रभाव पारेको छ । यस्तो अवस्थामा स्थानीय तहको राजस्व अधिकारको पूर्ण उपयोग गरी आन्तरिक राजस्व सक्षमतालाई अभिवृद्धि गर्दै सिमित स्रोत साधनको उच्चतम र न्यायोचित उपयोगमा ध्यान केन्द्रित गर्नुपर्ने देखिएको छ । **"मालिका गाउँपालिकाको समृद्धिको आधार; कृषि, पर्यटन, सामाजिक विकास र पूर्वाधार"** भन्ने दीर्घकालीन सोंचका साथ विकास कार्यलाई नीति तथा लक्ष्यमा आधारित बनाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले तर्जुमा गरिएको मालिका गाउँपालिकाको प्रथम पञ्चवर्षीय (२०८०।०८१ देखी २०८४।०८५) आवधिक योजनाले दिगो तथा समुचित विकासको लागि मार्गप्रशस्त गरेको छ । मालिका गाउँपालिकाको समृद्धि र विकासको पथमा सिर्जनशील र सकारात्मक योगदान गर्नुहुने राजनीतिकर्मी, समाजसेवी, बुद्धिजिवी, स्वास्थ्यकर्मी, शिक्षक तथा कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी र सम्पूर्ण स्वदेश र विदेशमा रहनुहुने मालिकावासी आमा वुवा, दाजुभाई, दिदीबहिनी लगायत सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान, २०७२ को भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, अनुसूची ८ र ९ मा रहेको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, विद्यमान संघीय ,प्रदेश र स्थानीय, सरकारका

कानून, दिगो विकासका लक्ष्य, संघ र प्रदेशका पन्चवर्षीय योजना, गाउँपालिकाले तर्जुमा गरेको प्रथम पञ्चवर्षीय आवधिक योजना, संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, मालिका गाउँपालिकाको नीति तथा कार्यक्रम र विनियोजन र आर्थिक विधेयकका सिद्धान्त र प्राथमिकता, गाउँसभाका सम्पूर्ण सदस्यहरु र सरोकारवाला सबैका सुझावलाई आधार लिई समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न आ.व. ८०।८१ को वार्षिक बजेट तर्जुमा गरेको छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म गाउँपालिकाको आर्थिक अवस्था र चालु वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. ७९।८० को वार्षिक कुल बजेट रु. ५८ करोड ५४ लाख ६४ हजार मध्ये चालुतर्फ ३६ करोड ९२ लाख ९० हजार र पुँजीगत तर्फ २१ करोड ६१ लाख ७४ हजार विनियोजन भएकोमा हालसम्मको प्रगतिको अवस्था हेर्दा चालुतर्फ ६९.९१ प्रतिशत र पुँजीगत तर्फ ५७.३४ प्रतिशत र समग्रमा ६५.२७ प्रतिशत रहेको र विषयगत रुपमा हेर्दा आर्थिक विकास तर्फ ३१.२३ प्रतिशत, सामाजिक विकास तर्फ ६७.७१ प्रतिशत, पूर्वाधार विकास तर्फ ५९.७५ प्रतिशत र संस्थागत विकास र सुशासन तर्फ ८५.५९ प्रतिशत रहेको छ। हालसम्म आन्तरिक आय तर्फ राजस्व संकलन रु ३५ लाख ६२ हजार ५६४ रहेको छ । जसमा मुख्य उपलब्धि अन्तर्गत,

- गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ५ मा ३३१ क्विन्टल आलुको बिउ वितरण गरी ठूलो परिमाणमा आलु उत्पादन भएको छ ।
- आगामी चार वर्ष भित्र मालिका गाउँपालिकाको प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउनको लागि एक घर-एक धारा खानेपानी आयोजना संघ तथा प्रदेश सरकारको सहकार्य र सरोकारवालाहरुको सहभागितामा स्वरुप हालसम्म वडा नं. ४ मा एक घर-एक धारा खानेपानी आयोजना सम्पन्न भएको छ । साथै, एक घर-एक धारा खानेपानी आयोजना अन्तर्गत अन्तर्गत थप ५९९ वटा घरधुरीमा खानेपानी धारा निर्माण कार्य सम्पन्न भएको छ।
- गाउँपालिका पहुँच मार्ग लगायत गाउँपालिका भित्रका मुख्य सडकहरुको निर्माण तथा ग्रावेलमा स्तरोन्नति कार्यलाई तिव्रता प्रदान गरिएको छ ।जसमा २८ किमी नयाँ सडक, १० किमि स्ट्रक्चर सहितको ग्रावेल, ३०० मिटर आर.सि.सि. ढलान तथा ६० किमी सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ।
- रोजगारविहीन विपन्न तर उर्जावान जनशक्तिलाई रोजगार सेवा केन्द्र मार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरी ३५४ जना रोजगारविहीन विपन्न नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

- गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रत्येक नागरिकलाई प्रत्याभूत गरी जिल्लामै स्वास्थ्य सेवा प्रवाहमा प्रथम हुन सफल भएको छ ।
- आधारभूत शिक्षालाई थप परिष्कृत तथा स्थानीय परिवेश, संस्कृति र पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखी ८ सम्मका सम्पूर्ण विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको छ ।
- आर्थिक वर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन बाट मालिका गाउँपालिका जिल्लामै सबैभन्दा कम बेरुजु भएको स्थानीय तहको रुपमा अगाडि आएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः

**अवसरः**

- स्थानीय सरकारहरु संविधानतः स्थापना भई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार किटान भएकोमा सोही आधारमा हालसम्म ७० वटा कानून निर्माण गरी प्रभावकारी शासन सञ्चालनको आधार तयार हुनु ।
- गाउँपालिकाको आ.व. २०८०।०८१ देखी २०८४।०८५ सम्मको लागि तर्जुमा गरिएको प्रथम पञ्चवर्षीय आवधिक योजनाले स्पष्ट लक्ष्य निर्धारण भई विकासको मार्गचित्र तयार हुनु ।
- गाउँपालिका भौगोलिक विविधतामा धनी रहेकोले विभिन्न प्रकारका कृषि।पशु उत्पादनको व्यवसायीकरण, उद्योगको लागि कच्चा पदार्थको उपलब्धता, पर्यटनको प्रबल सम्भावना रहनुले तिब्र आर्थिक विकासको मार्गप्रशस्त हुनु ।
- युवाहरुले देश विदेशमा रोजगारीको क्रममा सिकेका ज्ञान, सीपको प्रयोग गरी व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग र व्यापार व्यवसाय सँग जोडी गाउँपालिकाको विकासलाई तिब्रता प्रदान गर्ने अवसर प्राप्त हुनु ।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालय भवन तथा शाखा कार्यालयहरुको सुदृढीकरण हुँदै गएकोले सार्वजनिक सेवा प्रवाहलाई छितो, छरितो र जनमैत्री बनाउने अवसर प्राप्त हुनु ।
- सूचना प्रविधिको तिब्र विकास तथा सञ्जालीकरणले विद्युतीय शासन संस्थागत गर्ने अवसर प्राप्त हुनु ।
- संघ तथा प्रदेश सरकारको सहयोगमा एक घर-एक धारा खानेपानी आयोजना मार्फत् अधिकतम जनतालाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउनु ।

- गाउँपालिकामा सडक सञ्जालको व्यापक विस्तार भए सँगै निर्माण भएका सडकको स्तरोन्नती गरी आवगमन सहज तुल्याउने अवसर प्राप्त हुनु ।
- ८ वटै वडामा स्वास्थ्य चौकी निर्माण भईसकेको, सामुदायिक स्वास्थ्य ईकाई भवनहरु स्थापना भई संस्थागत सुधार हुने क्रममारहेको अवस्थामा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा घर-घरमा उपलब्ध गराउनको लागि पूर्वाधार निर्माण हुनु ।
- गाउँपालिकामा सकारात्मक सोच र भावना भएका नागरिकहरुको वसोबास रहनु ।

चुनौतीः

- विश्वव्यापी आर्थिक मन्दी तथा राष्ट्रिय आर्थिक संकटको कारण संघ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण रकम कटौती भई प्राप्त भएको, गाउँपालिकाको न्यून आन्तरिक आय र सीमित स्रोत तथा साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाइ उपलब्धिमूलक र नतिजामूलक बनाउनु,
- प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका क्षेत्रमा युवालाइ आकर्षित गरी उद्यमशीलता मार्फत गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु,
- मालिकाको विकासको निमित्त संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, नागरिक समाज लगायत सम्बद्ध सबैको सार्थक सहभागिता जुटाउनु,
- गाउँपालिकामा पर्याप्त जनशक्तिको व्यवस्था गरी सार्वजनिक प्रशासनलाइ व्यवसायिक,दक्ष र नतिजामूलक बनाइ सरकारको उद्देश्य प्राप्तिमा प्रभावकारी रुपमा परिचालन गर्नु,
- कठिन भौगोलिक अवस्थितिको कारण हुन सक्ने विपदजन्य गतिविधि व्यवस्थापन गरी विकास निर्माणका कार्यको दिगोपना सुनिश्चित गर्नु,
- पर्याप्त अवसरहरुको कमी र भौगोलिक विकटताको कारण भईरहेको बसाईसराईलाई रोकी रोजगारी सिर्जना र गरिबी निवारण गर्नु,

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको आ.व. २०८०।०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता पेश गर्दछुः

उद्देश्यः

- कृषि,पर्यटन,उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत साधन,श्रम शक्ति,पुँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,
- समुन्नत र मर्यादित जीवनका लागि शिक्षा,स्वास्थ्य,खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने,

- सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत मालिकाबासीलाई सुशासनको प्रत्याभूति गराउने ।

**प्राथमिकताः**

- कृषि र पर्यटन क्षेत्रको रुपान्तरण
- सरकारी,निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि,
- रोजगारी सिर्जना र गरिबी निवारण
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण
- शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तरीयता
- सुशासन,सार्वजनिक सेवा प्रवाह र मानव संसाधन विकास
- वातावरण संरक्षण,जलवायु परिवर्तन र विपद व्यवस्थापन
- प्रविधिको उच्चतम उपयोग

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

बजेटले लिएका उद्देश्य हासिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेको छुः

- आगामी आ.व. को बजेट कार्यान्वयनका लागि बार्षिक कार्ययोजनामा जनप्रतिनिधि र कर्मचारीको कार्य जिम्मेवारी सहित श्रावण तेस्रो साता भित्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कार्ययोजना कार्यान्वयनको अवस्थाको विषयमा गाउँपालिका स्तरीय अनुगमन समिति,पूर्वाधार विकास समिति र सुशासन समितिद्धारा नियमित अनुगमन गरिनेछ।
- नयाँ सडक निर्माण गर्दा तथा पुराना सडकको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्ने साथै Bio-Engineering (बायो इन्जिनियरिङ) कार्यक्रम मार्फत सडकको दाँया बाँया विभिन्न प्रकारका भुक्षय नियन्त्रण गर्ने विरुवाहरु लगाइनेछ ।
- संघ र प्रदेश सरकारबाट विनियोजन भएका योजनाहरुको प्रभावकारी कार्यान्वयन गराउन अन्तर सरकार समन्वय मन्च र छिमेकी पालिकाहरुबीच सुमधुर सम्बन्ध बनाई दिगो विकास गर्न अन्तर पालिका संवाद मन्चको स्थापना गरिनेछ ।
- आ.व. २०७९/८० मा गठन भएका टोल विकास संस्थाहरुलाई अधिकतम परिचालन गरी विकास निर्माणका कार्यहरुमा प्रभावकारिता ल्याउन प्रयत्न गरिनेछ ।
- सडक,विद्यालय,स्वास्थ्य संस्था लगायतका आवश्यक पूर्वाधारको विकास गर्दा नक्साङ्कन गरी सोका आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी छनौट र कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतिको लागि गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक निकायमा सूचना अधिकारीको काम कर्तव्य र अधिकारलाइ व्यवस्थित गरिनेछ ।

- सार्वजनिक सेवालाइ पारदर्शी, मितव्ययी, जवाफदेही, प्रविधिमैत्री र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार बमोजिम आगामी आ.व. २०८०।८१ को बजेट पेश गर्दछु । जसमा कुल बजेट ५३ करोड ६ लाख २६ हजार ७५० रहेको छ । यस मध्ये, चालु तर्फ रु. ३४ करोड ५१ लाख ३८ हजार र पुँजीगत तर्फ रु १८ करोड ५४ लाख ८८ हजार ७५० विनियोजन गरेको छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको गाउँपालिका तथा वडा तहमा गाउँपालिका बाट विनीयोजित बजेटका विषय क्षेत्रगत कार्यक्रम र विनीयोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु । जस मध्ये विषय क्षेत्रगत रुपमा समग्र बजेट विनीयोजनको अवस्था निम्नानुसार रहेको छः

| विषयक्षेत्र | बजेट | प्रतिशत |
|---|---|---|
| आर्थिक क्षेत्र | २ करोड ६३ लाख ४५ हजार ७५० | १२.२% |
| सामाजिक क्षेत्र | ५ करोड ३३ लाख ३७ हजार | २४.७% |
| पूर्वाधार विकास | ७ करोड ४ लाख ९८ हजार | ३२.६% |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ८१ लाख ४३ हजार | ३.८% |
| सार्वजनिक सेवा प्रवाह र सुशासन | ५ करोड ७९ लाख ५३ हजार | २६.८% |
| **जम्मा** | २१ करोड ६२ लाख ७६ हजार ७५० | १००.००% |

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**
अब म आगामी आ.व. का आर्थिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

कृषि तथा पशु विकासः

१. मालिका गाउँपालिका भित्र रहेका युवा उद्यमी तथा कृषकहरुको उद्यमशिलता प्रवर्द्धन मार्फत् जिविकोपार्जन सुधार गर्न **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास परियोजना** वहुवर्षीय रुपमा सञ्चालनको लागि गाउँपालिकाबाट ७०% लागत साझेदारी स्वरुप रु १ करोड ४० लाख ८८ हजार ७ सय ५० विनियोजन गरेको छु ।
२. माटो परीक्षणका लागि मिनी ल्याव प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याउन रु ४ लाख विनियोजन गरेको छु ।

३. वडा नं. ३, ह्याङ्दीमा रहेको सुपथ मूल्य पसललाई प्रोत्साहनको लागि रु ५० हजार विनियोजन गरेको छु ।
४. रुपान्तरणकारी योजनाको रुपमा रहेको दाँते ओखर रोपण तथा उत्पादन कार्यक्रमको लागि रु. ४ लाख विनियोजन गरेको छु ।
५. **उत्कृष्ट कृषक सम्मान कार्यक्रम** मार्फत् प्रत्येक वडामा व्यावसायिक कृषि र पशुपालनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषक तथा उद्दमी प्रोत्साहन तथा सम्मान कार्यक्रमको लागि रु ५० हजार विनियोजन गरेको छु ।
६. गाउँपालिकाको ७५% र कृषकको २५% लागत साझेदारीमा टनेल वितरण कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेको छु ।
७. निःशुल्क आकस्मिक बाली संरक्षण सेवा कार्यक्रमको लागि रु १ लाख विनियोजन गरेको छु ।
८. गाँउपालिका नमुना कृषि फर्मको लागि रु ४ लाख विनियोजन गरेको छु ।
९. सहकारीलाई विउ पुँजी सहयोगको लागि रु २ लाख विनियोजन गरेको छु ।
१०.आधारभूत तथा आकस्मिक सेवाको लागि पशु औषधी वितरणको लागि रु ६ लाख विनियोजन गरेको छु ।
११.उत्कृष्ट पशु पालक उद्दमीको लागि प्रोत्साहन तथा सम्मान कार्यक्रमको लागि रु ५० हजार विनियोजन गरेको छु ।
१२.रेविज, लम्की स्किन लगाएतका महामारी रोग विरुद्द खोप कार्यक्रमको लागि रु २ लाख विनियोजन गरेको छु ।
१३. संघीय तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा स्थानीय तथा लेयर्स कुखुरा वितरण कार्यक्रमको लागि रु १ लाख विनियोजन गरेको छु ।
१४.मालिका गाउँपालिका वडा नं. ३ मा स्मार्ट बाख्रापालन कार्यक्रम सञ्चालनको लागि रु. १ लाख विनीयोजन गरेको छु ।
१५.गाउँपालिका भित्र रहेका कृषक तथा पशुपालकलाई प्रोत्साहित गराउने उद्देश्यले उत्पादनमा आधारित अनुदानको लागि रु. ३ लाख बजेट व्यवस्था गरेको छु ।
१६.व्यावसायिक ऋणको लागि ब्याज अनुदानको लागि रु. ४ लाख ५० हजार बजेट विनीयोजन गरेको छु ।

**उद्योगपर्यटन तथा व्यवसाय ,:**

१७.प्रदेश सरकार सँगको लागत साझेदारीमा लेखपोखरा-देउराली-मालिका पर्यटन पूर्वाधार विकास गर्नको लागि रु. २५ लाख विनीयोजन गरेको छु ।
१८.**"घुमौं मालिका, चिनौं मालिका"** भन्ने नाराका साथ आ.व. २०७७/७८ मा गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिएको प्याराग्लाइडिङ्ग व्यावसायिक उडानलाई निजी क्षेत्रको सहभागितामा नियमित उडानको लागि आवश्यक सहयोग तथा सहकार्य गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छु ।
१९.युवाहरुलाई उद्योग स्थापनाको लागि उत्प्रेरणा कार्यक्रम सञ्चालन गरी उत्कृष्ट उद्योगीलाई सम्मान गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
२०.कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि रु. २ लाख बजेट विनीयोजन गरेको छु ।

२१.गाउँपालिका भित्रका विभिन्न मन्दिर, सामुदायिक भवन निर्माण तथा संरक्षणको लागि निम्नानुसारको बजेट व्यवस्थापन गरेको छः

| **आयोजनाको नाम** | **विनीयोजित रकम, रु.** |
|---|---|
| दलित सामुदायिक भवन ईजरा, मालिका १ | १ लाख |
| जनजाती सामुदायिक भवन नेटा | १ लाख |
| तिलारा मालिका मन्दिर, घमिर | १ लाख |
| कसिलाबाँझ मन्दिर संरक्षण, मालिका २ | १ लाख |
| आध्यात्मिक ज्ञान केन्द्र, मालिका ८ | १ लाख |

## रोजगार सेवा केन्द्रः

२२.आ.व. २०८०/०८१ देखी गाउँपालिका तथा वडा तहमा दक्ष कामदारको ज्याला तथा निर्माण सामाग्री गाउँपालिकाबाट लागत साझेदारी हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा आयोजनाहरु कार्यान्वयन गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छ ।

## उद्यम विकासः

**२३.गाउँ फर्क प्यारा कार्यक्रम** अन्तर्गत २०० जना युवा उद्यमी सिर्जना गर्नको लागि आवश्यक बजेट विनीयोजन गरेको छ ।

२४.युवा युवतीको पलायन रोक्नको लागि ईलेक्ट्रिसियन, हेयर कटिङ्ग, ड्राइभिङ्ग, प्लम्बिङ्ग, कुकिङ्ग, सिलाई-कटाई, बुटिक, सेनेटरी, पेन्टिङ्ग जस्ता सीपमूलक तालिमको संचालनको लागि रु. ४ लाख विनीयोजन गरेको छ ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. का सामाजिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

## स्वास्थ्यः

२५.महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको भूमिकाको उच्च मुल्याङ्कन गर्दै गाउँपालिकाबाट दिईदै आएको यातायात खर्च तथा प्रोत्साहनको लागि रु ९ लाख १२ हजार विनियोजन गरिएको छ ।

२६.स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई मध्यनजर गरि दैनिक प्रशासनीक खर्च संचालनको लागि रु ५ लाख ४० हजार विनियोजन गरेको छ ।

२७.विशेषज्ञ स्वास्थ्य सेवा पाउने जनताको अधिकारलाई सुनिश्चित गर्नको निम्ति मेडिकल अधिकृत सहितको स्वास्थ्य सेवाको लागि आवश्यक रकम विनियोजन गरेको छ ।

२८.मातृ तथा नवशिशु मृत्यू लाई शून्यमा राख्न सुत्केरी ओसारपोसारको निम्ति निशुल्क प्रसुती सेवा एम्बुलेन्स सेवा प्रदानको लागि रु ६ लाख विनियोजन गरेको छ ।

२९.आधारभुत तथा आकस्मिक सेवाको लागि निशुल्क औषधी तथा सर्जिकल सामाग्री वितरणको लागि रु ११ लाख विनियोजन गरेको छ ।

३०.नागरिक आरोग्य केन्द्र मार्फत् आयुर्वेद गाउँघर क्लिनिकलाई प्रत्येक वडामा विस्तार गर्ने नीति अनुरुप आयुर्वेद गाँउघर क्लिनिक, योग तथा पञ्चकर्म सेवा विस्तार कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छ ।

३१.विपन्न नागरिकको उपचारमा थप सहुलियतको निम्ति केन्द्रिय र प्रादेशिक अस्पतालहरुको सहकार्यमा उपचारमा थप सहुलियतको लागि निशुल्क स्वास्थ्य शिविर कार्यक्रम संचालनको लागि रु ४ लाख विनियोजन गरेको छ ।

३२.दिर्घ रोगी तथा जटिल प्रकृतिका रोगहरुको उपचारका लागि प्रदान गर्दै आएको आर्थिक सहायतालाई आवश्यक रकम विनियोजन गरेको छ ।

३३.मालिका गाउँपालिका वडा नं. ८ मा रहेको आँखा उपचार केन्द्रको व्यवस्थापन तथा सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

३४.एच आई भि एड्स लक्षित कार्यक्रम संचालनको लागि रु १ लाख विनियोजन गरेको छ ।

३५.विपन्न गरिब पिछाडिएका वर्ग लक्षित स्वास्थ्य बिमा तथा बिमा सम्बन्धी सचेतनामुलक कार्यक्रमको लागि रु ५ लाख ४८ हजार विनियोजन गरेको छ ।

## शिक्षाः

३६.गाउँपालिकामा मेडिकल अधिकृतको अभावमा स्वास्थ्य सेवा प्रवाहमा सिर्जित विभिन्न समस्यालाई मध्यनजर गरी गाँउपालिका भित्र स्थायी बसोवास भएका एक जना गरिब तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लागत साझेदारीमा एम .एस.बि.बि.(MBBS) अध्ययनको लागि छात्रवृत्ति स्वरुप रु. ८ लाख विनियोजन गरेको छु।

३७.गाउँ शिक्षा रणनीतिक योजना तर्जुमा कार्यको लागि रु. १ लाख रकम विनीयोजन गरेको छु ।

३८.शैक्षिक सुधार वर्ष, २०८० लाई सफल पार्नको लागि उत्कृष्ट विद्यालय, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिलाई प्रोत्सहान तथा सम्मान गर्न रु. १ लाख रकम विनियोजन गरेको छु।

३९.विद्यार्थी संग अध्यक्ष कार्यक्रमको लागि रु. १० लाख र अभिभावक संग उपाध्यक्ष कार्यक्रम संचालनको लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

४०.विद्यालयको नतिजामा गुणस्तर सुधार गर्न गाउँपालिका विद्यालय र अभिभावकको त्रिपक्षीय साझेदारीमा ,Semi-Hostel को सुरुवात गर्नको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु।

४१.कक्षा ५ र ८ को परिक्षा थप व्यवस्थित रुपमा संचालन गर्नको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु।

४२.विद्यालय तथा शिक्षक सँगको लागत साझेदारीमा शिक्षक तथा सरोकारवालाहरुलाई अवलोकन भ्रमणको लागि रु. ३ लाख रकम विनियोजन गरेको छु।

४३.गाउँपालिकाको शिक्षा क्षेत्रको विकासको लागि पालिका स्तरीय **शैक्षिक सम्मेलन** आयोजनाको लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

४४.आधारभूत र प्राथमिक तहका विद्यालयहरुको सूचना प्रविधिमा पहुँचलाई विस्तार गर्नको लागि **एक विद्यालय-एक कम्प्युटर र प्रिन्टर** व्यवस्था गर्न रु. ४ लाख रकम विनियोजन गरेको छु।

४५.गाउँपालिका भित्र शैक्षिक प्रदर्शनी गर्नको लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

४६.गाउँपालिका स्तरीय मालिका रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालनको लागि रु. ४ लाख तथा राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालनको लागि रु. १ लाख रकम विनियोजन गरेको छु।

४७.हाल प्राथमिक तहसम्म लागू गरिएको शिक्षक बैंकलाई आधारभूत तहसम्म विस्तार गर्नको लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

४८.बालविकास सहजकर्ताहरुको पारिश्रमिक वृद्धि गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

४९.गाउँपालिका भित्र हरित विद्यालय कार्यक्रम संचालन गर्नको लागि रु. ५० हजार रकम विनियोजन गरेको छु।

५०.गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा नागरिक आरोग्य केन्द्र मार्फत् योग शिक्षा तथा आयुर्वेद सम्बन्धी जानकारी प्रदान गर्न रु. १ लाख रकम विनियोजन गरेको छु।

५१.पालिका भित्रका सामुदायिक विद्यालयहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट प्रधानाध्यापक छनौट गरी नियुक्त गरिनेछ । यसरी नियुक्त हुने प्रधानाध्यापकको लागि निश्चित कार्यकालको व्यवस्था गरिनेछ साथै प्रोत्साहन स्वरुप प्रधानाध्यापक भत्ता दोब्बर गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५२.गाँउपालिकामा रहेका प्रतिभाको जागरण तथा प्रोत्साहनको लागि **मालिका तारा कार्यक्रम** संचालनको लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

## खानेपानीः

**५३.**चिसापानी जलकुने ठाडढुङ्गा जुकेपानी खानेपानी आयोजनाको लागि रु. १ लाख बजेटको व्यवस्था गरेको छु ।

**५४.**एक घर-एक धारा खानेपानी आयोजना अन्तर्गत क्रमागत रुपमा सबै वडामा खानेपानी विस्तार गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## सामाजिक समावेशीकरणः

५५.लैङ्गिक समानता कायम गर्न, महिला सेल स्थापना गर्न तथा महिलाहरुको मूलप्रवाहीकरणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यक्रम सञ्चालन गर्न महिला लक्षित कार्यक्रममा रु. ३ लाख विनीयोजन गरेको छु ।

५६.विपन्न दलित लक्षित कार्यक्रमहरु (आरन सुधार, सिलाई पेशा संरक्षण, पन्चेबाजा संरक्षण, कटुवाल संरक्षण) सञ्चालन गर्नको लागि रु. ३ लाख विनीयोजन गरेको छु ।

५७.जनजातिहरुको परम्परागत संस्कृति (सोरोठी नाच, खञ्जना ख्याली नाँच, पोषाक, भेषभूषा), परम्परा र संपदाको संरक्षण, प्रवर्द्धन र विकास गर्न मागमा आधारित कार्यक्रम सञ्चालन गर्न रु. ३ लाख बजेट व्यवस्था गरेको छु ।

५८.मालिका गापा वडा नं. ३ मा पञ्चेबाजा संरक्षणको लागि रु. १ लाख बजेट विनीयोजन गरेको छु ।

५९.गएलीचौर प्रावि मा मगर भाषा कक्षा सञ्चालनको लागि रु. १ लाख विनीयोजन गरेको छु ।

६०.अनाथ, असहाय, अपाङ्गता भएका, टुहुरा, अशक्त तथा आफ्नो जीवनयापन आफै धान्न नसक्ने वर्गलाई गाउँपालिकाको समन्वयमा विभिन्न गैर सरकारी संस्था सँग सहयोगका कार्यक्रमहरु सञ्चालन गर्नको लागि रु. १ लाख विनीयोजन गरेको छु ।

६१.ज्येष्ठ नागरिकमा रहेको अनुभव, ज्ञान र सीपलाई आगामी पुस्तामा हस्तान्तरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्न तथा ज्येष्ठ नागरिकको सामाजिक अनुकुलन सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्नको लागि रु. २ लाख बजेट विनीयोजन गरेको छु ।

६२.गाउँपालिकामा गठन भएको समाज कल्याण परिषद्लाई सक्रिय बनाई परिषद्बाट हुने कार्यलाई थप प्रभावकारीता प्रदान गर्नको लागि आवश्यक व्यवस्थापन गर्न रु. २ लाख विनीयोजन गरेको छु ।

**६३.**बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात् गरी समुदाय तथा विद्यालय तहमा रहेका बाल क्लबको सशक्तिकरण गरी स्थानीय बाल सञ्जाल गठन लगायतका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि रु. १ लाख ५० हजार व्यवस्था गरेको छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**
अब म आगामी आ.व. का पूर्वाधार विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

## पूर्वाधार विकासः

६४.**"सडक पूर्वाधारको विकास, मालिकाको समृद्धिको आधार"** भन्ने नाराका साथ सडक पूर्वाधारहरुको स्तरोन्नतीमा विशेष जोड दिने नीति लिईनेछ ।

६५.संघीय तथा प्रदेश सरकार सँगको साझेदारीमा निम्नानुसारका सडकहरुको स्तरोन्नति कार्य गर्नको लागि बजेट व्यवस्थापन गरेको छुः

| **सडकको नाम** | **विनीयोजित बजेट, रु.** |
|---|---|
| नेटा दर्लिङ्ग ह्याङ्दी गंगरे सडक | १ करोड ५ लाख |
| फूलबारी चोरकाटे अर्जैं बोम नेटा भिमगिठे सडक | ७५ लाख |
| सिमलटारी मर्भुङ्ग मैदान अर्खावाङ्ग मो.बा. | २५ लाख |

६६.गाउँपालिका तर्फ निम्नानुसारका सडकहरुको स्तरोन्नति तथा निर्माण कार्य गर्नको लागि निम्नानुसारको बजेट विनीयोजन गरेको छुः

| **सडकको नाम** | **विनीयोजित बजेट, रु.** |
|---|---|
| बोम नेटा मो बा रातामाटा खण्ड | ९ लाख |
| सिद्ध प्रा.वि. घोर्लेमेला मो.वा. मालिका ५ | ९ लाख |
| वडा कार्यालय जाने बाटो मर्मत वडा नं. ८ | ९ लाख |
| गोठाक्ना मो.वा. | १ लाख |
| राम्चे मरुङ्गेडेरा पैदाल मार्ग | १ लाख |
| मैदानचौर बाटो संरक्षण | १ लाख |
| फल्लेनी धरमपानी मैदान मो वा | १ लाख ५० हजार |
| महभिर उल्यार तल्लो दुनाम मो.बा. | १ लाख |
| ठुटेपिपल घमिर खोला मो वा | १ लाख ५० हजार |

| | |
|---|---|
| रानाबारी रलिपाटा हुलाकघर मो बा, मालिका ५ | १ लाख |
| फुर्सेमाटा मगर मालिका पैदल मार्ग | १ लाख ५० हजार |
| कोप्चेबोट ठाँटी पैदलमार्ग, मालिका ६ | १ लाख |
| छहरा परिपोखरा गहते मोटरबाटो | १ लाख ५० हजार |
| पँधेराखोला घुम्ती लिलिङ्ग मो वा | २ लाख |
| स्वास्थ्य चौकी जाने बाटो मर्मत | ५० हजार |

६७.गाउँपालिका तर्फ निम्नानुसारका कार्यालय तथा अन्य भवनहरु निर्माण तथा स्तरोन्नतिको लागि निम्नानुसारको बजेटको व्यवस्था गरेको छुः

| **भवनको नाम** | **विनीयोजित बजेट, रु.** |
|---|---|
| गाउँपालिका प्रशासकीय भवन | १ करोड ५० लाख |
| १ नं. वडा कार्यालय भवन | २७ लाख |
| अतिथि गृह निर्माण | २० लाख |
| अर्खावाङ्ग शौचालय निर्माण | १० लाख |
| १ नं. वडा कार्यालय वाल निर्माण | ८ लाख |
| वि.पी. स्मृति भवन निर्माण | १८ लाख |
| विनोद स्मृति भवन निर्माण | ९ लाख |
| वडा कार्यालय वाल निर्माण वडा नं. ६ | ९ लाख |
| पिँडालुखोर ट्रष्ट निर्माण | १ लाख |

६८.सडक बोर्ड नेपाल तथा विभिन्न गैसस बाट स्वीकृत हुने आयोजनाहरुमा गाउँपालिकाको आवश्यक पर्ने साझेदारी रकमको व्यवस्था गर्न समपूरक कोष स्वरुप रु. ३० लाख विनीयोजन गरेको छु ।

६९.सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित नागरिक आवास कार्यलाई निरन्तरता दिई गाउँपालिकालाई खरेघर मुक्त बनाउनको लागि रु. ५ लाख विनीयोजन गरेको छु ।

७०.गाउँपालिका भित्र विभिन्न झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्यको लागि रु. ५ लाख विनीयोजन गरेको छु ।

७१.निर्माण भएका सडक तथा भौतिक संरचनाहरुको मर्मत सम्भार कार्यको लागि मर्मत संभार कोषमा रु. १० लाख विनीयोजन गरेको छु ।

७२.राष्ट्रिय आविष्कार केन्द्र सँगको साझेदारीमा अनुसन्धान, नवप्रवर्तन र आविष्कार सम्बन्धी कार्य गर्नको लागि रु. ६ लाख विनीयोजन गरेको छु ।

७३.विभिन्न मोटरबाटो, सिँचाई आयोजना तथा कभर्ड हल निर्माण कार्यको लागि विस्तृत सम्भाव्यता अध्ययन तयार गर्नको लागि रु. २५ लाख विनीयोजन गरेको छु ।

७४.गाउँपालिकाको ७५% र लाभग्राहीको २५% लागत साझेदारीमा सिँचाई पाइप खरिद कार्यको लागि रु. ८ लाख विनीयोजन गरेको छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. का वन, वातावरण तथा विपद व्यवस्थापन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**वन, वातावरण तथा विपद व्यस्थापनः**

७५.विपद व्यवस्थापन सम्बन्धी वित्तीय व्यवस्थापन गर्नको लागि विपद व्यवस्थापन कोषमा रु. १० लाख विनीयोजन गरेको छु ।

७६.जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न हरियाली प्रवर्द्धन सहित जैविक विविधताको संरक्षणको लागि जलवायु परिवर्तन अनुकुलनको लागि महिलाः मालिका गाउँपालिका पहिला कार्यक्रमको लागि रु. ३ लाख विनीयोजन गरेको छु ।

७७.महत्वपूर्ण जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखीकरणको लागि रु. ३ लाख बजेट व्यवस्थापन गरेको छु ।

७८.सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छु ।

७९.विपद बाट प्रभावितलाई सहयोग स्वरुप ग्याभिन, जस्ता पाता तथा पाईप व्यवस्था गर्नको लागि रु. ८ लाख विनीयोजन गरेको छु ।

८०.गाउँपालिका भित्र निम्नानुसारका विपद व्यवस्थापन तथा संरक्षण सम्बन्धी आयोजनाहरु सञ्चालनको लागि बजेटको व्यवस्था गरेको छु :

| **योजनाको नाम** | **विनीयोजित बजेट, रु.** |
|---|---|
| आरुपाटा पहिरो नियन्त्रण, मालिका ३ | ९ लाख |
| वडा कार्यालय कम्पाउण्ड निर्माण वडा नं. ४ | ९ लाख |
| वडा कार्यालय संरक्षण मालिका ७ | ९ लाख |
| फलेतारुख वाल निर्माण | १ लाख |
| मैदानचौर बाटो संरक्षण | १ लाख |

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. का सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**संस्थागत विकास तथा सुशासनः**

८१.बदलिँदो परिवेश अनुसार कर्मचारी संरचनामा समयानुकुल परिमार्जन गर्नुपर्ने भएकोले गाउँपालिकाको दरबन्दी पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नको लागि रु. ५ लाख विनीयोजन गरेको छु ।

८२.**कर्मचारी कल्याण कोष** स्थापना गर्नको लागि रु. १० लाख विनीयोजन गरेको छ ।

८३.कर्मचारीको जिम्मेवारी कायम गरी जवाफदेहीता प्रवर्द्धन गर्न कार्यसम्पादन सम्झौता गरी उत्कृष्ट कर्मचारीको प्रोत्साहनको लागि आवश्यक बजेट विनीयोजन गरेको छ ।

८४.चौमासिक रुपमा एकीकृत घुम्ती शिविर सञ्चालन गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छ ।

८५.जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, न्यायिक समिति मध्यस्थकर्ता तथा टोल विकास संस्थाका प्रतिनिधिहरुको क्षमता विकास गरी व्यावसायिकता प्रवर्द्धन गर्नको लागि रु. १३ लाख विनीयोजन गरेको छ ।

८६.संघ तथा प्रदेश सरकार सँग समन्वय गर्नको लागि **अन्तर सरकार समन्वय मञ्च** र अन्य स्थानीय तहहरुसँग समन्वय गर्नको लागि **अन्तर पालिका संवाद मञ्च** को स्थापनाको लागि रु. १ लाख विनीयोजन गरेको छ ।

८७.अन्य स्थानीय तहहरु सँगको साझेदारीमा आयोजनाहरु सञ्चालन गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छ ।

८८.वडा नं. ६ को फूलबारीमा **नगर प्रहरी विट तथा पर्यटन सूचना केन्द्र** स्थापना गर्नको लागि रु. ३ लाख विनीयोजन गरेको छ ।

८९.गाउँपालिकाबाट हाल सम्म निर्माण भएका कानूनको समिक्षा गरी समयानुकुल परिमार्जन गर्न परामर्श सेवा स्वरुप रु. ३ लाख विनीयोजन गरेको छ ।

९०.गाउँपालिका भित्र रहेका विभिन्न संघ संस्था, क्लब, आमा समूह, गैर नाफामूलक संस्थालाई सहयोगको लागि बजेटको व्यवस्था गरेको छ ।

९१.वडा कार्यालयमा क्रमशः सि.सि.टि.भी. जडान गर्नको लागि रु. २ लाख विनीयोजन गरेको छ ।

९२.सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण मार्फत् सार्वजनिक जवाफदेहिता तथा उत्तरदायित्व प्रवर्द्धन गर्ने कार्यको लागि रु. २ लाख विनीयोजन गरेको छ ।

९३.सरकारी सेवा प्रवेशका लागि मुख्यतः लोक सेवा तथा शिक्षक सेवाका कक्षा सञ्चालनको लागि रु. २ लाख बजेटको व्यवस्था गरेको छ ।

९४.गाउँपालिकाको आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गर्नको लागि रु. ३ लाख विनीयोजन गरेको छ ।

## सूचना तथा प्रविधीः

९५.गाउँपालिकाबाट जारी हुने महत्वपूर्ण सूचना सम्पूर्ण मालिका वासीलाई मोवाइल एस.एम.एस. तथआ अडियो सर्भिस मार्फत् जानकारी गराउनको लागि आवश्यक रकम विनियोजन गरेको छ।

९६.गाउँपालिका भित्रका सम्पूर्ण कार्यालय, संस्थामा क्रमशः शक्तिशाली ईन्टरनेट तथा सञ्चार महशुलको लागि रु. १० लाख रकम विनियोजन गरेको छ।

९७.सूचनाको पहुँचलाई विस्तार गर्नको लागि **मालिका सँग मिडिया कार्यक्रम** सञ्चालनको लागि रु. १ लाख रकम विनियोजन गरेको छ।'

९८.गाउँपालिकाको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित गर्नको लागि विभिन्न विद्युतीय प्रणाली तयार गरी क्रमागत रुपमा लागू गरिनेछ र सञ्चालनमा रहेका प्रणालीलाई एकीकृत तथा अन्तरआबद्ध गर्न रु ४ लाख रकम विनियोजन गरेको छ।

९९. सूचना अधिकारीहरु, स्वास्थ्य संस्था, वडा कार्यालय र गाउँपालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधि, सहकारी संस्था र टोल विकास संस्थाका पदाधिकारीको लागि सुचना प्रविधीमा आधारित क्षमता विकास तालिमको लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

**वडा तर्फः**

१००. सबै वडाहरुको वडा सञ्चालन खर्च स्वरुप रु. २२ लाख रकम निम्नानुसार विनीयोजन गरेको छुः

| वडा नं. | विनीयोजित रकम, रु. |
|---|---|
| १ | २ लाख ६८ हजार |
| २ | २ लाख ८३ हजार |
| ३ | २ लाख ७३ हजार |
| ४ | २ लाख ५७ हजार |
| ५ | २ लाख ८० हजार |
| ६ | २ लाख ६९ हजार |
| ७ | २ लाख ८१ हजार |
| ८ | २ लाख ८८ हजार |
| **जम्मा** | **२२ लाख** |

१०१. वडा विकास कार्यक्रम तर्फ वडागत रुपमा निम्नानुसारका आयोजनाहरुमा रकम विनीयोजन गरेको छुः

| वडा विकास आयोजनाहरु | | | | |
|---|---|---|---|---|
| **वडा नं. १** | | | | |
| **क्र.स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम, रु.** | **कैफियत** |
| १ | भौतिक पुर्वाधार | लिलिङ्ग मनकामना मन्दिर सिँढी निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | २ लाख | |
| २ | | झाँक्रिबारी जैसीपोखरा माँझगाउँ सिँढी निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | | |
| ३ | | देउराली मनकामना मन्दिर सिँढी निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | | |
| ४ | | म्यालचौर छेडा देउराली मो.बा. | ३ लाख | |
| ५ | | ठूलोभिर सिर्कना मो.बा. | १ लाख | |
| ६ | | म्यालचौर मो.बा. | ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| ७ | | दशौ मोटरबाटो मर्मत | ३ लाख | |
| ८ | | जनजाती सामुदायिक भवन नेटा | ५० हजार | |
| ९ | | दलित सामुदायिक भवन ईजरा, मालिका १ | ५० हजार | |
| १० | | मुलखोला ओखरवोट कृषी सडक | १ लाख | |
| | | **जम्मा** | **११ लाख ५० हजार** | |
| १ | **आर्थिक विकास** | विउ पल खरिद | ५० हजार | |
| २ | | पशु औषधि खरिद | ५० हजार | |
| ३ | | इजरा तिखेचुली सिढीँ निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | २ लाख २७ हजार | |
| ४ | | भल्खडा दाम्का सिढीँ निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | | |
| ५ | | माँझगाउँ मालिकाचौर तिखेचुली पर्यटकीय क्षेत्र सिढीँ निर्माण (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | | |
| | | **जम्मा** | **३ लाख २७ हजार** | |
| १ | **सामाजिक विकास** | अमर मा.वि. भित्ते लेखन | ७७ हजार | |
| २ | | भुमेचौर प्रा.वि. घेरावार | ५० हजार | |
| ३ | | देउराली प्रा.वि. मर्मत सम्भार | ५० हजार | |
| ४ | | नेटाको पँधेरो मर्मत सम्भार | ५० हजार | |
| ५ | | सिमलबोट पँधेरा संरक्षण सल्लाखर्क | ५० हजार | |
| ६ | | लक्षित वर्ग | १ लाख ५० हजार | |
| | | **जम्मा** | **४ लाख २७ हजार** | |
| १ | **वन वातावरण तथा विपद् व्यवस्थापन** | विपद् व्यवस्थापन | १ लाख | |
| | | **जम्मा** | **१ लाख** | |
| १ | **संस्थागत विकास तथा सुशासन** | संस्थागत क्षमता विकास र अन्तर निकाय साझेदारी कार्यक्रम | १ लाख ३२ हजार | |
| | | **जम्मा** | **१ लाख ३२ हजार** | |
| | **कुल जम्मा** | | **२१ लाख ३६ हजार** | |

| वडा नं. २ | | | | |
|---|---|---|---|---|
| क्र.स. | विषयगत क्षेत्र | योजनाको नाम | रकम | कैफियत |
| १ | भौतिक पूर्वाधार | च्यानडाडा भकिम्ले सिरुखर्क बाघखोर मो.बा. | ३ लाख ५० हजार | |
| २ | | पाटाखर्क भिरमेला मो.बा. | १ लाख ५० हजार | |
| ३ | | बुडिकोट रातपहरा मो.बा. | १ लाख | |
| ४ | | गोफ्लेगैरा अडारे मो.वा. | १ लाख | |
| ५ | | गुन्माङ जन्तेढुङ्गा मो.वा. | १ लाख ५० हजार | |
| ६ | | चुत्रावोट चिप्लेपहरा मो.बा. (पिपलडाडा - लाकुरिबोट खण्ड) | १ लाख | |
| ७ | | दशै मो.वा. मर्मत | ३ लाख | |
| ८ | | जोगीका चिहान वडा कार्यालय हुँदै सेताढुङ्गा मो.वा. | १ लाख ५० हजार | |
| | | च्यानडाँडा मा वि देखी च्यानडाँडा सम्म सिँढी निर्माण, प्रधानमन्त्री रोजगार सँग लागत साझेदारी कार्यक्रम | १ लाख ५० हजार | |
| ९ | | बुढीकोट डाँडा पिकनिक पार्क संरक्षण, प्रधानमन्त्री रोजगार सँग लागत साझेदारी कार्यक्रम | | |
| | | **जम्मा** | **१५ लाख ५० हजार** | |
| १ | सामाजिक विकास | च्यानडाडा मा.वि. फिल्ड निर्माण | २ लाख | |
| २ | | महिला, दलित जनजाती लक्षित कार्यक्रम | १ लाख ५० हजार | |
| ३ | | अभिभावक सँग अन्तर्क्रिया, जेहेन्दार विद्यार्थी, शिक्षक र तहगत विद्यालय पुरस्कृत कार्यक्रम | ७५ हजार | |
| ४ | | पाईप खरिद | १ लाख | |
| ५ | | एकादशी मेला व्यवस्थापन | ५० हजार | |
| ६ | | सिद्धबाबा प्रा.वि. रङ्गरोगन | ५० हजार | |
| | | गोफ्लेगैरा खेलमैदान निर्माण | ५० हजार | |
| ७ | | संघ सस्था सहयोग | ५० हजार | |
| | | **जम्मा** | **७ लाख २५ हजार** | |

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ | उनाम खोला मतिखाना खोलाखर्क सिंचाई आयोजना | ५० हजार | |
| २ | | फलाते सिंचाई आयोजना | ५० हजार | |
| ३ | | शाखा कार्यालय तथा वडा कार्यालय मर्मत | १ लाख | |
| | | **जम्मा** | २ लाख | |
| १ | **वन वातावरण तथा विपद व्यवस्थापन** | विपद व्यवस्थापन | २ लाख ३१ हजार | |
| | **सुशासन तथा संस्थागत विकास** | टोल विकास संस्था परिचालन | ३० हजार | |
| | **कुल जम्मा** | | **२७ लाख ३६ हजार** | |
| **वडा नं. ३** | | | | |
| **क्र. स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक पूर्वाधार** | वडा कार्यालय कम्पाउण्ड निर्माण र रङ्ग रोगन (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | २ लाख | |
| २ | | पिडालुखोर कोटघर मो.बा. | ७५ हजार | |
| ३ | | गुहेलीचौर कालीरह मो.बा. | १ लाख ८० हजार | |
| ४ | | खिर्रारुख घुम्ति मेहाले गएलीचौर मो.वा.(प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | ३ लाख | |
| ५ | | दशै मो बा मर्मत संभार | ३ लाख | |
| | | **जम्मा** | **१० लाख ५५ हजार** | |
| १ | **आर्थिक विकास** | बिसौना माछापोखरी मर्मत | ५० हजार | |
| २ | | महिला लक्षित च्याउखेती | ५० हजार | |
| ३ | | जनजाती लक्षित कार्यक्रम | ५० हजार | |
| ४ | | फलफुल तरकारी, जडीबुटी बीउ तथा विरुवा वितरण | ५० हजार | |
| | | **जम्मा** | २ लाख | |
| १ | **सामाजिक विकास** | शिवालय मन्दिर निर्माण | २ लाख | |
| २ | | शहिद विनोद स्मृती पार्क व्यवस्थापन | ७० हजार | |
| ३ | | हे.पो. व्यवस्थापन | १ लाख | |
| ४ | | आयुर्वेदिक औषधालय | ६० हजार | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | दलित लक्षित दह ट्रष्ट निर्माण | १ लाख | |
| ६ | | मेहाले मा.वि. शैक्षिक गुणस्तर सुधार | ६२ हजार | |
| ७ | | देविस्थान मा.वि. शैक्षिक गुणस्तर सुधार | ४० हजार | |
| ८ | | मरनडाडा प्रा.वि. शैक्षिक गुणस्तर सुधार | २० हजार | |
| ९ | | गएलीचौर प्रा.वि. शैक्षिक गुणस्तर सुधार | १५ हजार | |
| १० | | उत्कृष्ट विद्यालय शिक्षक सम्मान | ५० हजार | |
| | | **जम्मा** | **७ लाख १७ हजार** | |
| १ | **सुशासन तथा संस्थागत विकास** | सार्वजनिक सुनुवाई | २५ हजार | |
| २ | | टोल विकास संस्था परिचालन | ३० हजार | |
| ३ | | ICT तालिम महिला लक्षित | ४० हजा | |
| ४ | | संघ संस्था सहयोग | ३० हजार | |
| ५ | | अवलोकन भ्रमण | ६० हजार | |
| | | **जम्मा** | **१ लाख ८५ हजार** | |
| १ | **विपद व्यवस्थापन** | विपद व्यवस्थापन | **२ लाख** | |
| | **कुल जम्मा** | | **२३ लाख ५७ हजार** | |
| **वडा नं. ४** | | | | |
| **क्र.स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक पूर्वाधार** | वडा कार्यालय व्यवस्थापन तथा सामाग्री खरिद | २ लाख | |
| २ | | स्वर्गद्धारी फुर्सेमाटा ट्रष्ट निर्माण, प्रधानमन्त्री रोजगार कार्यक्रम सँगको साझेदारी | १ लाख | |
| ३ | | भ्यागुतेघाट ट्रष्ट निर्माण, प्रधानमन्त्री रोजगार कार्यक्रम सँगको साझेदारी | १ लाख | |
| ४ | | देवी पुजा मन्दिर ट्रष्ट निर्माण, प्रधानमन्त्री रोजगार कार्यक्रम सँगको साझेदारी | १ लाख | |
| ५ | | लगु जलविद्युत सामाग्री व्यवस्थापन | ५० हजार | |
| ६ | | सामुदायिक साझैदारीमा टोल-टोलमा फ्रि वाईफाई | ५० हजार | |
| ७ | | भ्यागुतेघाट झो.पु देखि मो.वा. सम्म घो.बा. निर्माण | ३० हजार | |
| ८ | | काभ्रेखोला व्यवस्थापन | ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| | | **जम्मा** | ६ लाख ८० हजार | |
| १ | **आर्थिक विकास** | खा.पा. मर्मत | ७५ हजार | |
| २ | | वन्यजन्तु बाट बाली संरक्षण | १ लाख २५ हजार | |
| ३ | | पशु औषधी खरिद | ५० हजार | |
| | | **जम्मा** | **२ लाख ५० हजार** | |
| १ | **सामाजिक विकास** | शैक्षिक गुणस्तर सुधार तथा शैक्षिक व्यवस्थापन | २ लाख ५० हजार | |
| २ | | महिला क्षमता विकास कार्यक्रम | ५० हजार | |
| ३ | | भाषा, धर्म तथा संस्कृती संरक्षण | १ लाख | |
| ४ | | दलित, जनजाति, बालबालिका तथा जेष्ठ नागरिक लक्षित कार्यक्रम | १ लाख १० हजार | |
| | | **जम्मा** | **५ लाख १० हजार** | |
| १ | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | जलाधार तथा पानीका मुहान संरक्षण | १ लाख ५० हजार | |
| २ | | दशै मो.बा. मर्मत | २ लाख | |
| ३ | | विपद् व्यवस्थापन | १ लाख ५७ हजार | |
| | | **जम्मा** | **५ लाख ७ हजार** | |
| १ | **संस्थागत विकास तथा सुशासन** | संघ संस्था सहयोग | ३० हजार | |
| २ | | सूचना तथा संचार (कटुवाल खर्च) | ५० हजार | |
| ३ | | सकारात्मक सोच कार्यक्रम | १ लाख | |
| | | **जम्मा** | **१ लाख ८० हजार** | |
| | | कुल जम्मा | २१ लाख २७ हजार | |
| **वडा नं. ५** | | | | |
| **क्र.स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक** | ठिन्के लेडेमेला पुरनपानी रङ्ग मो.बा. | ४ लाख ५० | |

| | | | | |
|---|---|---|---|---|
| | | | हजार | |
| २ | | छापहिले मो.बा. मर्मत | ४ लाख ४० हजार | |
| ३ | | जमलपोखरा मा.वि. भवन मर्मत | १ लाख ५० हजार | |
| ४ | | गौथाले चौपारी तथा सिम लघु मर्मत | १ लाख ५० हजार | |
| ५ | | रालेपाटा तथा साविक ७ र ८ नं. प्रतिक्षालय (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | ३ लाख | |
| ६ | | ठुला भिर घोरेटो बाटो (प्रधानमन्त्री रोजगार सँगको लागत साझेदारी) | ५० हजार | |
| | | **जम्मा** | **१५ लाख ४० हजार** | |
| १ | **आर्थिक विकास** | कृषि तथा पशु विकास कार्यक्रम | १ लाख ५० हजार | |
| २ | | लेकपोखरा माघेसक्रान्ती मेला व्यवस्थापन | ५० हजार | |
| ३ | | घट्ट मर्मत | ६० हजार | |
| | | **जम्मा** | **२ लाख ६० हजार** | |
| १ | **सामाजिक विकास** | स्वास्थ्य तथा शैक्षिक सुधार कार्यक्रम | २ लाख ५० हजार | |
| २ | | जनजाती अपाङ्ग तथा वालवालिका क्षमता अभिवृद्धि कार्यक्रम | १ लाख | |
| ३ | | महिला तथा दलित क्षमता अभिवृद्धि कार्यक्रम | २ लाख | |
| | | **जम्मा** | **५ लाख ५० हजार** | |
| १ | **वन वातावरण तथा विपद व्यवस्थापन** | विपद् व्यवस्थापन | **१ लाख ५० हजार** | |
| १ | **संघ संस्था विकास तथा सुशासन** | वडा कार्यालय तथा स्वास्थ्य चौकी व्यवस्थापन | **१ लाख ४९ हजार** | |
| | | **कुल जम्मा** | **२६ लाख ४९ हजार** | |
| **वडा नं. ६** | | | | |
| **क्र.स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक पुर्वाधार विकास** | खामसल रानिवन मोटर बाटो निर्माण | १ लाख | |

| | | | | |
|---|---|---|---|---|
| २ | | मोटर बाटो मर्मत सम्भार | ३ लाख | |
| ३ | | सुपादेउराली ट्रष्ट निर्माण (प्रधानमन्त्री रोजगार सँग साझेदारी कार्यक्रम) | १ लाख ५० हजार | |
| ४ | | मोठ हाटबजार व्यवस्थापन (प्रधानमन्त्री रोजगार सँग साझेदारी कार्यक्रम) | १ लाख ५० हजार | |
| ५ | | चौरेटोला मो.बा. मर्मत | ५० हजार | |
| ६ | | छहरा परीपोखरा गहते मोटरबाटो | १ लाख | |
| | | **जम्मा** | **८ लाख ५० हजार** | |
| १ | **आर्थिक विकास** | मौरी तोरी प्रवर्द्धन | ५० हजार | |
| २ | | नगदे बाली प्रवर्द्धन कार्यक्रम | ६० हजार | |
| ३ | | कृषकसँग लागत साझेदारी कार्यक्रम (२५%) | ३ लाख | |
| ४ | | हिउँदे तथा वर्षे फलफुल प्रवर्द्धन कार्यक्रम | ६० हजार | |
| | | **जम्मा** | **४ लाख ७० हजार** | |
| १ | **सामाजिक विकास** | शैक्षिक गुणस्तर सुधार अर्जै माध्यमिक विद्यालय | १ लाख | |
| २ | | शैक्षिक गुणस्तर सुधार रैनादेवी प्राथमिक विद्यालय | २५ हजार | |
| ३ | | शैक्षिक गुणस्तर सुधार रानीपोखरी आ वि. विज्ञान प्रयोगशाला | १ लाख २५ हजार | |
| ४ | | शैक्षिक गुणस्तर सुधार फुलवारी आधारभुत प्राथमिक विद्यालय | २५ हजार | |
| ५ | | शैक्षिक गुणस्तर सुधार कालिका प्राथमिक विद्यालय कुमालगाउँ | ५० हजार | |
| ६ | | अर्जै स्वास्थ्य चौकी तथा कुमालगाउँ सामुदायिक स्वास्थ्य ईकाइ व्यवस्थापन | १ लाख ७५ हजार | |
| ७ | | आयुर्वेदिक गाउँघर क्लिनिक सञ्चालन | १ लाख | |
| | | **जम्मा** | **६ लाख** | |
| १ | **संस्थागत विकास तथा सुशासन** | मागमा आधारित सिप मुलक तालिम | ५० हजार | |
| २ | | आरन सुधार तालिम | ५० हजार | |
| ३ | | विपन्न लक्षित कार्यक्रम | १ लाख | |
| | | **जम्मा** | **२ लाख** | |
| १ | **वन वातावरण तथा विपद् व्यवस्थापन** | वन्यजन्तु वाली संरक्षण | १ लाख | |
| २ | | विपद् व्यवस्थापन | १ लाख ८० | |

| | | | | |
|---|---|---|---|---|
| | | | हजार | |
| | | **जम्मा** | **२ लाख ८० हजार** | |
| | | **कुल जम्मा** | **२४ लाख** | |
| **वडा नं. ७** | | | | |
| **क्र. स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक पुर्वाधार** | ठाटि कोट मो.बा. | ५० हजार | |
| २ | | दशै मोटर बाटो मर्मत | ७ लाख | |
| ३ | | बनेखोला डिही माग्दी चुदारखोला | १ लाख | |
| ४ | | मो बा जाली खरिद तथा पुर्वाधार | १ लाख ५० हजार | |
| ५ | | चौपारी निर्माण | ८० हजार | |
| | | **जम्मा** | **१० लाख ८० हजार** | |
| १ | **आर्थिक विकास** | गुलैधी सिचाई पोखरी | १ लाख | |
| २ | | तोरी तरकारी खेती हिउदेबाली | ५० हजार | |
| ३ | | मौरी पालन | ५० हजार | |
| | | **जम्मा** | **२ लाख** | |
| १ | **सामाजिक विकास** | देविस्थान मा.वि. घमिर | १ लाख | |
| २ | | बरारुख आधारभुत विद्यालय सिढि निर्माण | ६९ हजार | |
| ३ | | खानेपानी व्यवस्थापन | ५ लाख ५० हजार | |
| ४ | | जेष्ठ नागरिक सम्मान | २० हजार | |
| ५ | | वडा मार्फत खेलकुद सामाग्री वितरण | ५० हजार | |
| | | **जम्मा** | **७ लाख ८९ हजार** | |
| १ | **वन, वातावरण तथा विपद व्यवस्थापन** | विपद व्यवस्थापन | ४ लाख | |
| २ | | पधेरा संरक्षण | १ लाख | |
| | | **जम्मा** | **५ लाख** | |
| १ | **संस्थागत विकास तथा** | संस्कृती तथा भैपरी | ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| २ | सुशासन | वडा कार्यालयको संस्थागत विकास | १ लाख | |
| | | **जम्मा** | **१ लाख ५० हजार** | |
| | | **कुल जम्मा** | **२७ लाख १९ हजार** | |
| | | **वडा नं. ८** | | |
| **क्र.स.** | **विषयगत क्षेत्र** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
| १ | **भौतिक पूर्वाधार** | टोपेटारी आपचौर कटाह मो बा | २ लाख ४५ हजार | |
| २ | | दगास मैदान रामकृष्णे मो बा | १ लाख | |
| ३ | | नमता धैरेनि घो बा | ५० हजार | |
| ४ | | जेठागैडा नालछरे घो वा | १ लाख | |
| ५ | | छहरा दक्सुमारे तप घो वा | ५० हजार | |
| ६ | | दशै मोटरवाटो मर्मत | ३ लाख | |
| ७ | | किसानटारी कृषि सडक | १ लाख | |
| ८ | | उल्टेकुलो मर्मत | २ लाख २ हजार | |
| | | **जम्मा** | **११ लाख ४७ हजार** | |
| १ | **सामाजिक विकास** | देशान्तरी मन्दीर मर्मत | १ लाख ५० हजार | |
| २ | | राधाकृष्ण मन्दिर नमता निर्माण | १ लाख ५० हजार | |
| ३ | | महिला युवा दलित लक्षित कार्यक्रम | २ लाख १७ हजार | |
| | | **जम्मा** | **५ लाख १७ हजार** | |
| १ | **आर्थिक विकास** | किसान सगँ साझेदारी कार्यक्रम | ३ लाख ५० हजार | |
| २ | | समुदायिक बनसगँको साझेदारीमा चिउरीका विरुवा रोपण | ५० हजार | |
| | | **जम्मा** | **४ लाख** | |

| | | | | |
|---|---|---|---|---|
| १ | **संस्थागत विकास** | निशुल्क विद्युत वायरिङ्ग मिटरवक्स सहित | २ लाख | |
| २ | | वडा कार्यालय व्यवस्थापन | ३७ हजार | |
| | | **जम्मा** | **२ लाख ३७ हजार** | |
| १ | **वन वातावरण तथा विपद व्यवस्थापन** | विपद् व्यवस्थापन | **५ लाख ७५ हजार** | |
| | **जम्मा** | | **२८ लाख ७६ हजार** | |
| | **वडा विकास तर्फ कुल जम्मा** | | **२ करोड** | |

**सभाध्यक्ष महोदय,**

१०२. आगामी आ.व. को बजेट कार्यान्वयनबाट लगानी विस्तार, रोजगारी वृद्धि तथा गरिबी निवारण भई गाउँपालिकाको समावेशी आर्थिक वृद्धि गर्न सघाउ पुग्ने आशा लिएको छु ।

१०३. बजट तर्जुमाको क्रममा मैले सम्मानित सभामा पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्गदर्शन गनुभएकोमा श्रद्धेय अध्यक्ष ज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्नुहुने वडाध्यक्ष, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैरसरकारी क्षेत्र तथा सम्पूर्ण मालिका वासीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।